REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 010.09.2025

## नथुला विजय दिवस- राज्यपाल

17 औं Mountain Division का जनरल अफिसर कमान्डिङ – मेजर जनरल M.S राठौड़ले आज बिहान राजभवनमा सिक्किमका राज्यपाल ओम प्रकाश माथुरका साथ शिष्टाचार भेट गर्नुभयो। भोलि एघार सेप्टेम्बर 2025 का दिन नथुला पासमा हुनेभएको नथुला विजय दिवस को उपलक्ष्यमा यो भेट भएको हो। भारतीय सेनाका वीर शहीदहरूको स्मृतिमा वर्षेनी यो दिवस मनाइन्छ। मेजर जनरल राठौड़ले श्री माथुरलाई कार्यक्रमको रूपरेखा पनि साझा गर्नुभयो।

राज्यपालले निमन्त्रण स्वीकार गर्दै कार्यक्रमको सफलताका लागि हार्दिक शुभकामना दिनुभएको छ।

## उपराष्ट्रपति – मुख्यमन्त्री

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ्ले भारतको उपराष्ट्रपति निर्वाचित हुनुभएकोमा सि पी राधाकृष्णनलाई हार्दिक बधाई दिनुभएको छ। श्री तामाङ्ले भन्नुभयो यस पदका लागि श्री राधाकृष्णनको चुनाव हुनु उहाँको विशिष्ट सेवा, सार्वजनिक जीवन प्रति दृढ़ प्रतिवद्धता र राष्ट्रप्रतिको दृढ़ समर्पणलाई प्रतिबिम्बित गर्दछ। सिक्किमको जनताको तर्फबाट उहाँको सफल र फलदायी कार्यकालका लागि मुख्यमन्त्री तामाङ्ले शुभकामना व्यक्त गर्नुभयो।

## विश्व आत्महत्या रोकथाम दिवस

सिक्किम सरकारको स्वास्थ्य तथा परिवार कल्याण विभागले आज आफ्नो राष्ट्रिय मानसिक स्वास्थ्य कार्यक्रम अन्तर्गत देवराली स्थित राज्य पंचायत स्रोत- केन्द्रमा विश्व आत्महत्या रोकथाम दिवस 2025 मनाईयो। कार्यक्रमको विषयवस्तु आत्महत्याबारे धारणा परिवर्तन गर्ने रहेको थियो।

मानसिक स्वास्थ्य जागरूकता र सहयोगप्रति सामूहिक प्रतिबद्धतालाई बलियो पार्दै पुलिस शिक्षा विभाग र अन्य प्रमुख एजेन्सीका वरिष्ठ अधिकारीहरूले कार्यक्रममा भाग लिएका थिए।

सिक्किम – सतर्कता

नेपालमा व्याप्त स्थितिको मध्येनजर सिक्किमले महत्वपूर्ण ठाँउहरूमा गशती अनि जाँच तीव्र पारेकोछ। पुलिस सूत्रहरूले बताए अनुसार सोरेङ र गेजिङ जिल्लाका वरिष्ठ अधिकारीहरूलाई सीमा सशस्त्र बल एस एस बी साथ संयुक्त गश्ती गर्ने अनि वर्तामान स्थिति माथि नजर राख्ने निर्देश दिइएको छ। सबै संबधित सीमा- चौकीहरू, विशेषगरि रम्फू, मल्ली, रेशी... अन्यलाई अनधिकृत व्यक्तिहरू सिक्किममा प्रवेश न गर्नसकुन् भनि सुनिश्चित गर्न सतर्क गरिएकोछ। यस बाहेक संबधित DIC र SP लाई छिमेकी मुलुकबाट कुनैपनि किसीमको अवैध घुसपैठ हुन न दिन सम्वेदनशील क्षेत्रहरूको दौड़ाहा गर्न पनि भनिएकोछ।

स्वच्छता ही सेवा- बंदक

केन्द्रिय जल शक्ति मन्त्री सि.आर पाटिल र केन्द्रिय आवस तथा शहरी मामिला मन्त्रालयका मन्त्री मनोहर लालले स्वच्छता ही सेवा 2025 मा राज्य एवम् केन्द्र शासित प्रदेशहरूसंगको राष्ट्रीय तयारी बैठकमा भाग लिनुभयो। सिक्किमका ग्रामीण विकास विभागका मन्त्री अरूण कुमार उप्रेती र शहरी विकास विभागका मन्त्री भोजराज राईले संयुक्त रूपमा राज्यको प्रतिनिधित्व गर्दै भिडियो कन्फरेन्स मार्फत बैठकमा भाग लिनुभयो।

सोरेङ- प्रगति मूल्याँङकन

जिल्ला प्रशासनिक केन्द्र सोरेङमा आज आकाँक्षी जिल्ला कार्यक्रम एडिपी र आकाँक्षी ब्लक कार्यक्रम एबिपी अन्तर्गत प्रमुख कार्यसम्पादन सूचकहरूको प्रगति संबधी मूल्याँकन गर्न सोरेङका जिल्लापाल धीरज सुवेदीको अध्यक्षतामा बैठक बस्यो।

बैठकमा स्वास्थ्य र पोषण संबधी व्यापक छलपल भयो जसमा संस्थागत प्रसव, गैर – संक्रामक रोगहरू, राष्ट्रीय गुणस्तर आश्वासन मापदण्डमा प्रगतिको उल्लेख गरियो।

पाकिम – बैठक

पाकिमका जिल्लापाल रोहन अगवानेले आज पाकिम जिल्ला अन्तर्गतका सबै ग्राम पंचायत एकाईका पंचायत अध्यक्षहरू सहित माध्यमिक अनि वरिष्ठ माध्यमिक विद्यालयका संस्था प्रमुखहरू संग Rurban पाकिम स्थित RDD सामुदायिक परिसरमा बैठक बोलाए। यो बैठक ग्रामीण क्षेत्रमा साक्षरता सुदृढिकरण र जिल्लाका माध्यमिक तथा बरिष्ठ माध्यमिक

विद्यालयहरूमा मुख्यमन्त्रीको मार्गदर्शन कार्यक्रम लगायत जारी शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनको समीक्षामा केन्द्रित थियो। श्री अगवानेले उल्लास कार्यक्रम कार्यान्वयनमा जिल्ला कार्यालयको प्रयासको प्रशन्सा गरे र सक्रिय संलग्नता कायम राख्न प्रोत्साहित गरे।